जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १०२ २०८२ साल मंसिर २ गते मंगलबार (18 Nov 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : क्रिकेट प्रेमीको सपना.:. ३ पृष्ठमा : चिकित्सकको सुझाव छ ... ३ पृष्ठमा :पूर्वप्रधानमन्त्री शेख हसिनालाइ...

## १२ वर्षिया प्रतिक्षा हराइरहेको बेला अचानक फेसबुकमा तस्बिर सार्वजनिक भएपछी परिवारजन चकित

**दैनिक समाचारदाता**
**राजविराज, १ मंसिर ।**

राजविराज वडा नं. २ स्थित लिटील फ्लावर सेकेन्ड्री स्कुलमा कक्षा ८ मा अध्यनरत १२ वर्षिया प्रतिक्षा देव गत असोज २४ गते विहान ५ बजे देखी सर्म्पक विहीन छन ।

घरबाट निस्केको १२ औं दिन सम्म पनि नफर्कीपछि राजविराज नगरपालिका वडा नं. ११ फर्सेठ घर भएकी उनका परिवारजन चिन्तामा डुबेका छन् ।

प्रतिक्षाका बुबा भुपेन्द्र प्रसाद देवले खोजतलास गर्दा पनि कुनै खबर नपाएपछी दुई दिन अघि मात्र जिल्ला प्रहरी कार्यालय सप्तरीमा निवेदन दिएका छन् ।

आफुहरु तथा प्रहरीले खोजतलास गरिरहेकै बेला सोमवार राजविराज नगरपालिका वडा नं. ६ थानगाछी टोलमा डेरा लिई बस्ने २२ वर्षिय अमित यादवले अज्ञात स्थलबाट



***तस्बिर : सौजन्य प्रतिक्षाको परिवारजनबाट***

छोरीसंगैको फोटो फेसबुकमा सार्वजनिक गरेपछी आफु चकित परेको उनले सुनाए ।


उनले जिल्ला प्रहरी कार्यालयमा दिएको अर्को उजुरीमा यादवले प्रलोभन र प्रेम जालमा फसाएर नाबालिग छोरीलाई भगाएको उल्लेख गरेका छन ।

बुवा भुपेन्द्रले उमेरनपुगेकी नाबालिकलाई प्रेमजालमा फसाउँने अनि भगाएर लाने प्रवृति रोक्न पनि भगाउने केटामाथी कारवाही हुनुपर्ने माग गरेका छन् ।

उक्त प्रकरणको अनुसन्धान गरिरहेका प्रहरी निरिक्षक प्रमोद कुमार साहले प्रतिक्षा र अमितको हुलिया सहितको सम्पुर्ण विवरण अन्य प्रहरी कार्यालयहरुमा समेत पठाई व्यापक रुपमा खोजी कार्य भइरहेको बताए ।

यस क्रममा नावालिक भगाउने अमितका आमासँग पनि सोधपुछ गरी आवश्यक जानकारी लिने काम भएको उनको कथन छ । १२ वर्षको कलिलो उमेरमा कुनै किशोरी यसरी फेसबुक मार्फत प्रेम सम्बन्धमा जोडिएको र भागेको घटना सम्भवत जिल्लाकै पहिला घटना हो ।

## मधेश प्रदेशका पाँच सांसदको पदमुक्त नगर्न आदेश



**दैनिक समाचारदाता**
**राजविराज, १ मंसिर ।**

सर्वोच्च अदालतले मधेश प्रदेशका पाँच सांसदको पदमुक्त नगर्न आदेश जारी गरेको छ ।

न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले मधेशका सभामुख रामचन्द्र मण्डललाई ती पाँच जना सांसदलाई तत्काल पदमुक्त नगर्न भनेको हो ।

जसपाका सांसदहरू मनिष कुमार सुमन, संजयकुमार यादव, सिंहासन साह कलवार र सारदा शंकर साह कलबनर र नागरिक उन्मुक्ति पार्टीकी सांसद उर्मिला सिंहलाई पदमुक्त भएका थिए ।

सभामुख मण्डलले गत कात्तिक २७ गते सभामुख मण्डलले जसपाका ४ र नागरिक उन्मुक्तिका १ गरि पाँच सांसदलाई पदमुक्त गरेका थिए । सभामुखको उक्त निर्णयविरुद्ध उनीहरूले सर्वोच्चमा रिट दायर गरेका थिए ।

## प्रधानमन्त्री कार्कीविरुद्ध अदालतको अवहेलनासम्बन्धी मुद्दा दायर

काठमाडौँ, १ मङ्सिर (रासस) ।

सर्वोच्च अदालतमा प्रधानमन्त्री सुशीला कार्कीविरुद्ध अदालतको अवहेलनासम्बन्धी मुद्दा दर्ता भएको छ ।

राजदूत फिर्ता बोलाउने निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले दिएको आदेश पालना नगरेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीविरुद्ध अवहेलना मुद्दा दायर गरिएको हो । अधिवक्ता प्रेम सिलवालले दायर गर्नुभएको सो मुद्दाको सुनुवाइ यही मङ्सिर ७ गते हुनेगरी तोकिएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो ।

वर्तमान सरकारले गत असोज ३० गते अघिल्लो सरकारको पालामा नियुक्त ११ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो ।

यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सारङ्गा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले राजदूत फिर्ता बोलाउने निर्णय तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्न गत कात्तिक १६ गते अन्तरिम आदेश दिएको थियो ।

अदालतको आदेश आएकै भोलिपल्ट सरकारले राजदूत फिर्ता बोलाएर परराष्ट्र मन्त्रालयमा हाजिर हुन निर्देशन दिएको थियो । अदालतको सम्मान र कानुनी शासनका पक्षमा मुद्दा दायर गरेको अधिवक्ता सिलवालले जानकारी दिनुभयो ।

## राष्ट्र बैंकले ४२ अर्ब सरकारलाई उपलब्ध गराउने

काठमाडौँ, १ मङ्सिर (रासस) ।

नेपाल राष्ट्र बैङ्कको सम्पत्ति तथा दायित्व रु २६ खर्ब २३ करोड ९५ लाख ४० हजार बराबरको पुगेको छ । आर्थिक वर्ष

***बाँकी अन्तिम पृष्ठमा***

## प्रतिनिधिसभा निर्वाचन कार्यक्रम सार्वजनिक

**दैनिक समाचारदाता**
**काठमाडौँ, १ मंसिर ।**

निर्वाचन आयोग नेपालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यक्रम सार्वजनिक गरेको छ ।

आयोगको आइतबारको बैठकको निर्णयअनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम आयोगको वेवसाइट **www.election.gov.np** मा र नेपाल राजपत्रमा प्रकाशन गर्ने गरी सार्वजनिक गरिएको हो ।

पहिलो निर्वाचित हुने प्रणालीतर्फको निर्वाचन कार्यक्रमअनुसार बिसं २०८२ माघ ६ गते बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ भने सोही दिन बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्ममा उम्मेदवारको सूची प्रकाशन हुनेछ ।

मनोनयन पत्र दर्ता भएका उम्मेदवारको बिरोधमा उजुरी दिने अवधि माघ ७ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म हुनेछ भने सोही दिनको दिउँसो ३:०० बजेदेखि माघ ८ गते बेलुका ५:०० बजेसम्ममा मनोनयन पत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी माघ ८ गते बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्ममा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ ।

माघ ९ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारको नाम फिर्ता लिन सकिनेछ भने सोही दिन दिउँसो १:०० बजेदेखि ३:०० बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी दिउँसो ४:०० बजेदेखि साँझ ७:०० बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ ।

यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम विसं २०८२/०८/२० गतेदेखि सञ्चालन हुनेछ । सो कार्यक्रमअनुसार मङ्सिर २१ गते बिहान १०:०० बजेदेखि २३ गते दिउँसो ४:०० बजेसम्म समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेस गर्ने, मङ्सिर २४ गते बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म निवेदन पेस गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने, पुस १३ र १४ गते बिहान १०:०० बजेदेखि ४०० बजेसम्म राजनीतिक दलहरूले उम्मेदवारको बन्द सूची पेस गर्ने र माघ २० गते बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म उम्मेदवारको बन्द सूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार फागुन २१ गते बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ ।

**अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।**

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं,

समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वास्थ्यप्रति बढी ध्यान दिऔं

अहिले दिनैपिच्छै मौसम परिवर्तन भइरहेको छ । चिसो मौसमले समेत आगमन गरिसकेको छ । यस्तो अवस्थामा सबैले स्वास्थयप्रति बढी सचेत हुनुपर्ने आवश्यक छ । यसरी मौसम परिवर्तनसँगै मानिसको स्वास्थ्यमा प्रभाव पर्दा विभिन्न किसिमका रोगहरु लाग्ने गर्दछ । यसतर्फ ध्यान नदिंदा यस किसिमका सामान्य रोगले उग्ररुप लिएर जटिल समस्या निम्त्याउँछ । भर्खरै हामी अत्याधिक गर्मी मौसमलाई खेपिसकेका छौं । जसले गर्दा मानव शरीरलाई चिसो मौसममा स्थिर हुन केही समय लाग्छ ।

गर्मी, बर्षा र जाडोको मौसमकाबीच मानवसहितका सजिव प्राणीहरु जीवनयापन गर्ने गर्छन् । गर्मीबाट बर्षाको मौसम आउँदा बढी मात्रामा झाडापखालाको प्रकोप देखापर्छ । बर्षापछि आएको गर्मी परिवर्तन भएर जाडो आउन थालेपछि रुघाखोकी, ज्वरोसहितका सामान्य लक्षणहरु व्यक्तिमा देखापर्छन् । यस्ता सामान्य बिमारीहरुको समयमै ध्यान नदिइए निमोनिया, कोल्ड डायरिया सहितका ठूला रोगहरु लाग्न सक्छन् । यो रोगहरु बालबालिका र बृद्धबृद्धामा बढी लाग्छ । बालबालिका तथा बृद्धबृद्धालाई जाडोको समयमा न्यानो कपडा तथा तातो झोल पदार्थ प्रशस्त मात्रामा खानुपर्छ । यसबाहके ताजा खाना मात्र खानुपर्छ र उमालेको पानी पिउनेतर्फ ध्यान दिनु जरुरी छ ।

तसर्थ मौसम परिवर्तनबाट मानव शरीरलाई जोगाउन हामी आफै सचेत हुनुपर्छ र समयमै स्वास्थ्यप्रति बढी ध्यान दिनु आवश्यक छ । अनिमात्र रोगबाट बच्न सकिन्छ र स्वस्थ्य रहन सकछौं ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# क्रिकेट प्रेमीको सपना : एनपिएलको नयाँ अध्याय

**राजु सिलवाल**
काठमाडौं, १ मङ्सिर (रासस) ।

नेपालमा आयोजना भएका व्याबसायिक खेलकुद प्रतियोगितामध्ये सबैभन्दा ठूलो मानिएको नेपाल प्रिमियर लिग एनपिएल क्रिकेट प्रतियोगिताको दोस्रो संस्करणमा विश्वकै क्रिकेटप्रेमीहरुको ध्यान नेपालतर्फ आकृष्ट भएको छ । फ्रेन्चाइज प्रतियोगिताका रुपमा व्याबसायिक प्रतिष्ठानहरुका साथै निजी क्षेत्रबाट करोडौं लगानी गरिएको एनपिएल क्रिकेटको पहिलो संस्करणको सफलतापछि हिमालय महोत्सवका रुपमा दोस्रो प्रतियोगिताको सुरुआत सोमबारदेखि हुँदैछ । नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा यही मङ्सिर २७ गतेसम्म सञ्चालन हुने २४ दिनको उक्त प्रतियोगिताको उद्घाटन खेलको सबै टिकट तत्कालै बिक्री हुनु एनपिएल क्रिकेटप्रति अत्यधिक दर्शकको अपार मोहका साथै प्रतियोगिताको अपार प्रतिक्षाको सङ्केत मान्न सकिन्छ ।

यस प्रतियोगितामा गत वर्षको बिजेता जनकपुर बोल्डसका साथै उपबिजेता बनेको सुदूरपश्चिम रोयल्स, विराटनगर किङ्स, चितवन राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स तथा कर्णाली याक्ससमेत गरी आठवटा टिमको सहभागिता रहेको छ । यी सबै टिमका लागि निजी क्षेत्रले उत्साहका साथ ठूलो लगानी गरेको छ । प्रतियोगिता 'राउण्ड रोबिन'को आधारमा सञ्चालन हुनेछ भने त्यसपछि हुने 'प्ले अफ' खेलहरुले प्रतियोगिताको नतिजा निर्धारण गर्नेछ ।

**मार्की खेलाडीहरु**

यसपटक एनपिएल क्रिकेटका मार्की खेलाडीहरुमा जनकपुर बोल्डसका आशिफ शेख, सुदूरपश्चिम रोयल्सका दिपेन्द्रसिंह ऐरी, काठमाडौं गुर्खाजका करण केसी, पोखरा एभेन्जर्सका कुशल भुर्तेल, चितवन राईनोजका कुशल मल्ल, बिराटनगर किङ्सका सन्दिप लामिछाने, लुम्बिनी लायन्सका रोहित पौडेल र कर्णाली याक्सका सोमपाल कामी रहेका छन् । मार्की खेलाडीहरुले जनही २० लाख रुपैयाँको दरले पारिश्रमिक प्रदान गरिंदैछ । टिममा परेका अन्य खेलाडीहरुलाई रु एक लाखदेखि १५ लाखसम्म पारिश्रमिक प्रदान गरिनेछ ।

**विदेशी खेलाडीहरुको सहभागिता**

एनपिएल क्रिकेटको नयाँ सिजनका लागि विश्वका विभिन्न १३ मुलुकका प्रसिद्ध क्रिकेट खेलाडी तथा नेपाली खेलाडीहरु एकै टिममा आबद्ध भई यो प्रतियोगितामा प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगितामा सहभागी आठवटै टिमले टेष्ट म्याच खेल्ने तथा एशोशिएट राष्ट्रका खेलाडी आ-आफ्नो टिममा भित्र्याउन ठूलो लगानी गरेका छन् । एनपिएल क्रिकेटमा भारत, अष्ट्रेलिया, इङ्गल्याण्ड, दक्षिण अफ्रिकालगायतका खेलाडीहरु विभिन्न नेपाली टिममा आबद्ध भएका छन् । क्यानले हरेक टिममा बढीमा चार विदेशी खेलाडी खेलाउन सक्ने अनुमति दिएको थियो ।

**विदेशी प्रशिक्षक पनि**

केही टिमले विदेशी प्रशिक्षकलाई समेत टिममा अनुबन्धित गराएको छ । नेपाली स्पिनर सन्दिप लामिछानेको खेल जीवनमा महत्वपूर्ण भूमिका निभाएका श्रीलङ्काली मूलका क्यानडाली प्रशिक्षक पुबुदु दशानायके यसपाली सन्दिप कप्तान रहेको बिराटनगर किङ्गस टिममा मुख्य प्रशिक्षकको रुपमा आबद्ध रहेका छन् । नेपाली राष्ट्रिय टिमको मुख्य प्रशिक्षकको अनुभव हासिल गरिसकेका उनको प्रशिक्षणमा गतबर्ष जनकपुर बोल्डस टिमले एनपिएल क्रिकेटको पहिलो संस्करण जितेको थियो । यसपालि जनकपुरले सिभनराइन चन्दरपललाई मुख्य प्रशिक्षकको रुपमा भित्र्याएको छ ।

नेपाली राष्ट्रिय टिमको मुख्य प्रशिक्षक बनिसकेका भारतीय नागरिक मोण्टी देसाई यसपालि काठमाडौं गुर्खाज टिमको प्रशिक्षणमा ब्यस्त छन् । चितवन राइनोजले कलाम अली, पोखरा रेन्जर्सले राजीव कुमार, लुम्बिनी लायन्स टिमले टिनु योहान्नान जस्ता बिदेशीलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएका छन् । प्रतियोगिताका लागि नेपाली प्रशिक्षकले पनि टिम सम्हालिरहेका छन् । नेपाली राष्ट्रिय क्रिकेट टिमको जिम्मेवारी सम्हालिसकेका जगत टमाटाले सुदूरपश्चिम रोयल्स तथा नेपाली क्रिकेट टिमको कप्तान तथा प्रशिक्षणको जिम्मेवारीमा रही कार्य गरिसकेका ज्ञानेन्द्र मल्लले कर्णाली याक्सको मुख्य प्रशिक्षकको रुपमा कार्य गरिरहेका छन् ।

**नयाँलाई पनि अवसर**

एनपिएल क्रिकेटका आठवटै सहभागी टिमले आफ्नो क्षेत्रमा रहेका बिभिन्न जिल्लामा प्रतिभाहरुको छनोट गरी प्रतिभाशाली खेलाडीहरुलाई टिममा समावेस गरेका छन् । उपयुक्त अवसर नपाएर स्थानीय तहमै सीमित रहेका युवा खेलाडीहरुले एनपिएल क्रिकेटमा नेपालका राष्ट्रिय खेलाडीहरुका साथै विदेशीसँग समेत एउटै टिममा खेल्न पाउनु उनीहरुको खेल जीवनकै महत्वपूर्ण अवसर हो । यही प्रतियोगिता सिक्ने तथा आफ्नो खेल कौशल देखाउने महत्वपूर्ण मौका हो । यस्ता प्रतियोगिताको माध्यमबाट उनीहरु भोलि राष्ट्रिय टिममा प्रवेश गर्न सक्नेछन् । प्रतिभाशाली खेलाडीलाई खेल जीवनमा छलाङ मार्ने प्रवेशद्वारका रुपमा यस प्रतियोगितालाई हेरिएको छ ।

**ठूलो पुरस्कार राशि**

एनपिएल प्रतियोगिताको बिजेता टिमले गतबर्ष जस्तै रु एक करोड ११ लाख पुरस्कार प्राप्त गर्नेछ । दोस्रो हुने टिमले रु ५१ लाख, तेस्रो हुने टिमले रु २५ लाख तथा चौथो हुने टिमले रु १५ लाख रकम पुरस्कार पाउने छन् । यस्तै बिभिन्न बिधाका खेलाडीलाई नगद तथा मोटरसाइकल आदि पुरस्कार प्रदान गरिनेछ । पुरस्कारहरु अझै घोषणाको क्रममै रहेका छन् ।

**विश्वकपको तयारी**

एनपिएल क्रिकेट प्रतियोगिता नेपाली राष्ट्रिय क्रिकेट टिमको लागि आगामी बिश्वकपको तयारीको महत्वपूर्ण अवसरका रुपमा पनि हेरिएको छ । सन् २०२६ मा भारत तथा श्रीलङ्कामा आयोजना हुने टि-ट्वाण्टी विश्वकपको छनोट चरणमा अपराजित हुँदै समूह बिजेताका रुपमा तेस्रोपटक बिश्वकपमा प्रवेश गर्न सफल नेपाली टिमका सबैजसो खेलाडी विभिन्न टिमका तर्फबाट एनपिएल क्रिकेटमा मैदानमा उत्रिदैछन् ।


करिब एक महिनासम्मको अवधिमा एनपिएल क्रिकेट प्रतियोगितामा नेपाली क्रिकेट खेलाडीहरुले स्वदेशी तथा विदेशी खेलाडीहरुसँग अभ्यास गर्नुका साथै खेल कौशल सिक्ने अवसर पाउने छन् । केही महिनादेखि नै अत्यन्त व्यस्त तालिकामा रहेको नेपाली राष्ट्रिय टिमलाई एनपिएल लगत्तै टेष्ट खेल्ने राष्ट्रसँग दुई देशीय वा त्रिदेशीय शृङ्खला खेलाएर थप अभ्यास गराउने लक्ष्य क्यानले राखेको छ । यसका लागि क्यानका अध्यक्ष चतुरबहादुर चन्दले हालै भारतको नयाँ दिल्लीमा इण्डियन क्रिकेट काउन्सिल (आइसिसी)का अध्यक्ष जय शाहसँग भेट गरेका थिए ।

**सरकारको प्राथमिकतामा क्रिकेट**

एनपिएलको दोस्रो प्रतियोगिताका लागि लामो समयदेखि तयारी सुरु गरिएको थियो । विशेषगरी प्रतियोगिता स्थल कीर्तिपुर रङ्गशालामा निर्माण तथा मर्मतसम्भारका लागि केही महिनादेखि नै कार्य प्रारम्भ गरी सरकारी तबरबाटै अनुगमन गरिएको थियो । निर्धारित समयमा निर्माण सम्पन्न नभएपछि सम्बन्धित ठेकेदारले जरिबाना समेत ब्यहोर्नु परेको थियो । क्रिकेट सुरु हुने अन्तिम चरणमा समेत काम भैरहेको कीर्तिपुर रङ्गशालामा निर्माणका लागि नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गरी अन्तर्राष्ट्रियस्तरको मैदानका रुपमा परिणत गर्ने प्रयास गरेको छ ।

कीर्तिपुर रङ्गशालामा वर्षौंदेखि मानिसहरु घाँसे वा धुले मैदानमा बसेर वा रुखमा चढेर खेल हेर्ने गर्दथे । अब त्यो अवस्था रहेन । कीर्तिपुर रङ्गशालामा पुन:निर्माणपछि दर्शकहरुले विभिन्न रङ्गिन सिटमा बसेर खेलको आनन्द लिन पाउने भएका छन् । कीर्तिपुर रङ्गशालाको दर्शक क्षमता करिब १० हजार रहेको छ । यसपालि एनपिएल क्रिकेट प्रतियोगिताका बेला प्रत्येक खेलमा करिब आठ हजार टिकट बिक्री गरिदैंछ । सरकारले कीर्तिपुर क्रिकेट रङ्गशालालाई भबिश्यमा अझ बिस्तार गरी ठूलो बनाउनका लागि गुरुयोजना स्वीकृत गरिसकेको छ । गुरुयोजना बमोजिम रङ्गशाला निर्माण गर्न करिब रु १० अर्ब लाग्ने अनुमान गरिएको छ । गुरुयोजना अनुसार निर्माणपछि कीर्तिपुर रङ्गशालाको दर्शक क्षमता २५ हजार बनाइने

*बाँकी तीन पृष्ठमा*

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०७/२६

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमावन्दी श्रेष्ता बमोजिम रैती नं. ६० सुखदेव मंडर धानुकको नाममा कायम रहेका साविक प्रगन्ना जगदर मौजे लालापट्टी सा.कि.नं. २३५६ को ज.वि. ०-१०-४ २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. लालापट्टी वडा नं.१ हाल छिन्नमस्ता गा.पा. वडा नं. ४ बस्ने फुदन यादवको नाती बुनि यादवको छोरा टुनटुन यादवले यस कार्यालयमा द.नं. २८०३४ मिति २०८२/०२/०५ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विरोध वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाटा पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने टाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २३५६ | सुखदेव मंडर धानुक | लालापट्टी | ५ख | २४ | ०-१७-४ मध्ये उत्तर तर्फबाट ०-८-१२ | टुनटुन यादव | यो जग्गा [illegible] किसान को महल खाली, किसानको [illegible] महल खाली, कैफियत महलमा यो जग्गा उत्तर तर्फबाट टुनटुन यादव वार्ड नं. १ बस्नेको मार्फत ही जनिएको। |

किशोर कुमार राम
कार्यालय प्रमुख

# चिकित्सकको सुझाव छ 'एन्टिबायोटिकको जथाभावी प्रयोग गर्नुहुन्न'

विराटनगर, १ मङ्सिर ।

कोशी अस्पताल विराटनगरमा उपचार गर्न आएको जनपथ टोलकी विनिता गौतमले आफ्नो हेलचक्र्याँइको कारण घाँटीको सङ्क्रमणबाट ग्रसित होलिन भन्ने सोचेकै थिइनन् ।

अस्पतालको नाक कान घाँटीको ओपिडीमा भेटिएकी गौतमले बोल्न अप्ठ्यारो महसुस गर्दै भन्नुभयो,"सुरुमा सामान्य रूपमा घाँटी दुखेकाले औषधि पसलबाट पेनकिलर किनेर खाया, केही समय त ठीक भयो, फेरि समस्या उस्तै, अत्तिनै दुखाइ भएर आएको त घाँटीको सङ्क्रमण भएर पीप जमिसकेको रहेछ ।"

त्यस्तैगरी सोही अस्पतालको ओपिडीमै भेटिएका २१ वर्षीय युमेस गिरी औषधि पसलेले चिसोको कारणले दुखेको भनि दुखाइ कम गर्ने औषधि दिएपछि फेरि समस्या उस्तै भएकाले अस्पताल आएको बताउँनुहुन्छ ।

उहाँ भन्नुहुन्छ,"बिहान उठ्दा घाँटी दुखेको महसुस भएकाले नजिकै मेडिकल पसलेको सल्लाहमा २-३ वटा पेनकिलर खाए पनि ठीक भएन र यहाँ जचाउन आउदा थाहा भयो, इन्फेक्सन भइसकेको पो रहेछ ।"

सामान्यतया घाँटी दुख्ने वित्तिकै औषधि पसलमा गएर पेनकिलर, एन्टिबायोटिकको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएपछि सङ्क्रमणको अवस्थामा मात्र बिरामी अस्पताल आउने गरेका कोशी अस्पतालको नाक कान घाँटी रोग विशेषज्ञ डा रौनक दाहाल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ "के कारणले घाँटी दुखेको हो, सङ्क्रमण हो या होइन, यदि सङ्क्रमण भएमा कुन अवस्थामा छ ? कुन औषधि कति मात्रामा सेवन गर्नेजस्ता विषयमा ध्यान नदिइ जथाभावी औषधि सेवन गर्नाले बिरामीको स्वास्थ्य निकै बिग्रदै गएको छ ।"

**के कारणले हुन्छ घाँटीको सङ्क्रमण**

डा दाहाल घाँटीको सङ्क्रमण एउटै कारणले मात्र नहुने बताउनुहुन्छ । उहाँका अनुसार प्रायजसो चिसोको कारणले घाँटीमा सङ्क्रमण हुने गर्दछ । यसबाहेक लामो समयसम्म फ्रिजमा राखिएका खानेकुरा, धूमपान, चिसो मौसम, धुवाँधुलो, प्रदूषित वातावरणजस्ता विभिन्न कारणले घाँटीको सङ्क्रमण गराउने गर्दछ । धुवाँधुलो साथै प्रदूषणयुक्त वातावरणमा रहने मानिसले सास फेर्नेक्रममा हावाको माध्यमबाट भाइरस, ब्याक्टेरिया प्रवेश भई विस्तारै घाँटीमा सङ्क्रमण गराउने गर्दछन् ।

यसले गर्दा विस्तारै घाँटीमा अप्ठ्यारोपन आउने, दुखाइ अनुभव हुने, निल्न गाह्रो हुनेजस्ता समस्या उत्पन्न हुने गर्दछन् ।

घाँटीमा भाइरल वा ब्याक्टेरियाको प्रवेश भई त्यसले सङ्क्रमण गराउँछछ । सामान्यतया भाइरल सङ्क्रमण हुँदा दुखाइसँगै घाँटीमा रातोरातो देखिने गर्दछ,भने ब्याक्टेरियाको कारणले भएको सङ्क्रमणले घाँटीमा सेतो पीप देखिने गर्दछ । घाँटीको सङ्क्रमणमा केही खास ब्याक्टेरिया जिम्मेवार रहने गर्दछ ।

'स्ट्रेप्टोकोकस' नामक ब्याक्टेरिया अन्य ब्याक्टेरियाको तुलनामा घाँटीको सङ्क्रमण गराउन सक्रिय रहने गर्दछ । जस्ले गर्दा घाँटीमा अप्ठ्यारो महसुस हुने, यताउती गर्न पनि निकै कठिन हुने, अत्यधिक दुखाइ महसुस हुने, ज्वरो आउने, घाँटीभित्र रातो हुने गर्दछ । त्यसका साथै टन्सिलाइटिस हुने कहिलेकाहीँ घाँटीबाट पीप निस्कने, घाँटीमै पीप जम्ने, निल्न गाह्रो हुने, बोल्न कठिन हुने जस्ता लक्षण देखा पर्दछन् । सामान्य अवस्थामै उपचार गरे तत्काल निको हुने समस्यालाई हेलचेक्र्याइ गरेमा त्यसको नतिजा गम्भीर आउनसक्ने भएकाले यस्ता लक्षण देखापर्नासाथ तुरुन्त उपचार गराइहाल्नुपर्छ ।

**एन्टिबायोटिक र पेनकिलरको दुरुपयोग**

अधिकांश मानिसहरू सामान्य घाँटी दुखाइ महसुस हुनासाथ चिकित्सकको परामर्शबिना औषधि पसलेबाट किनेर एन्टिबायोटिकसाथै पेनकिलरजस्ता औषधि सेवन गर्ने गर्दछन् । यसरी जथाभावी यस्ता औषधि सेवा गर्नाले हाल एन्टिबायोटिक तथा दुखाइकम गर्नेजस्ता औषधिको अत्यधिक दुरुपयोग भइरहेको डा दाहाल बताउनुहुन्छ । उहाँका अनुसार घाँटी दुख्नासाथ एन्टिबायोटिक तथा पनेकिलरको प्रयोग गर्नु उचित हुँदैन । कहिलेकाही कहिलेकाहीँ हड्डी आएको समस्याले पनि घाँटी दुख्ने गर्दछ । यस्तो अवस्थामा के कारणले घाँटी दुखेको?, घाँटीको सङ्क्रमण भएमा कुन अवस्थामा छ?, कस्तो औषधि सेवन गर्नेजस्ता जानकारीबिना आफूखुसी पेनकिलर, एन्टिबायोटिक औषधिको सेवन गर्नाले मुटु, मिर्गौला, कलेजो लगायतका संवेदनशील अङ्हरूलाई असर पुगी नियमित कार्य गर्न सक्दैनन् । त्यसैले चिकित्सकको परामर्शबिना आफूखुसी यस्ता औषधिको सेवन गर्नु उपयुक्त हुदैन ।

कतिपय बिरामीहरूले चिकित्सकले दिएको एन्टिबायोटिक औषधिसमेत नियमपूर्वक सेवन गरेका हुदैनन् । औषधि सेवन गर्ने क्रममा आराम महसुस हुनासाथ बढी औषधि किन सेवन गर्ने भन्ने ठानी आफूखुसी औषधि सेवनमा रोक लगाउने गर्दछन् । ब्याक्टेरिया तथा भाइरसलाई पूर्णरूपमा मार्न सेवन गरिने त्यस्ता औषधि मात्रा पूरा नगरी छोड्नाले फेरि सक्रिय भई सङ्ज्ञक्रमण गर्नसक्ने भएकाले एन्टिबायोटिकको पूरा मात्रा सेवन गर्नुपर्दछ ।

घाँटीको सङ्क्रमणले निम्त्याउने खतरा घाँटीको सङ्क्रमण भएको समयमा यसलाई हेलाचेक्र्याइ गरेको खण्डमा यसले निकै खतरा निम्त्याउने भएकाले समयमै उपचार गराउन चिकित्सकले सुझाव दिएका छन् ।

घाँटी दुख्ने, निल्न गाह्रो हुने, ज्वरो आउने, घाँटीभित्र रातो देखिने, टन्सिलाइटिस हुनेजस्ता लक्षण घाँटीकाङ्क्रमण हुन् । यस्ता कुनै लक्षण देखापरेमा तुरुन्त सम्बन्धित चिकित्सक तथा स्वास्थ्य संस्थामा गई जचाइहाल्नुपर्छ । समयमै उपचार नभएमा बारम्बार टन्सिलाइटिस भई पीप जम्ने, रगतको माध्यमबाट सङ्क्रमणका जिवाणु मुटुको भल्वमा पुगेर भल्वलाई बन्द गरी भल्व फेर्नुपर्ने अवस्थासमेत आउनसक्छ । घाँटीमा पीप जमेर बसिरहँदा शल्यक्रिया गरेर जम्मा भएको पीपलाई निकाल्नुपर्ने हुन्छ ।

## क्रिकेट प्रेमीको ...

लक्ष्य राखिएको छ ।

**पहिलो खेल रातिमा**

नेपालको क्रिकेट इतिहासमा पहिलोपटक रातिको समयमा फ्लडलाइटमा खेल हुँदैछ । एनपिएल क्रिकेटका खेलहरु दिउँसो तथा रातिको समयमा सञ्चालन गरिदैछ । कीर्तिपुर रङ्गशालामा छ वटा पोलमा जडान गरिएका फ्लडलाइटका टावरहरुबाट उज्यालो भएपछि नेपाल पनि अब राति पनि क्रिकेट प्रतियोगिता गर्न सक्षम भएको छ ।

**टेलिभिजनबाट प्रत्यक्ष प्रसारण**

यसपालि एनपिएल क्रिकेटका खेलहरु स्टार स्पोर्टस टेलिभिजनमार्फत बिभिन्न मुलुकमा हेर्न सकिने भएको छ । यसैगरी नेपाली च्यानलले पनि क्रिकेटको प्रत्यक्ष प्रसारण गर्दैछन् । नेपाल प्रिमियर लिगअन्तर्गतको जति पनि विज्ञापनदाता तथा प्रायोजकको विज्ञापन नेपाली च्यानलमा मात्र आउने व्यवस्था मिलाइएको छ । स्टार स्पोर्टसको प्रत्यक्ष प्रसारणमा भने गतवर्ष जस्तै विज्ञापनरहित क्लिन फिड दर्शकहरुले देख्न सक्नेछन् । यस्तै ओटिटीतर्फ डिजिटल फर्ममा क्लिन फिड आउने भएको छ ।

**प्रख्यात कमेण्टेटरहरु पनि**

नेपाली क्रिकेटप्रेमीहरु माझ लोकप्रियता कमाएका क्रिकेट कमेण्टेटर एण्डु लियोनार्डले यसपालि एनपिएल क्रिकेटमा टेलिभिजन कमेण्टेटरको भूमिका निभाउँदैछन् । नेपाललाई आफ्नो दोस्रो घर भनेर बनाउने एण्डुले केही बर्षदेखि नेपालले खेलेका विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको प्रत्यक्ष प्रसारणमा उद्घोषण गरेका छन् । उनको विशेषता भनेको प्रत्यक्ष प्रसारणको क्रममा नेपालको कला, संस्कृति र प्राकृतिक सौन्दर्यताको प्रशंसा गर्नु हो । यस्तो कार्यबाट मुलुकमा नयाँ पर्यटकहरु भित्र्याउन निकै सहयोग पुग्नेजाने अपेक्षा गर्न सकिन्छ । इण्डियन प्रिमियर लिग एपिएल क्रिकेटमा टेलिभिजन कमेण्टेटरका रुपमा संलग्न भएका भारतीय सञ्चारकर्मी आकाश चोपरा एनपिएलको टेलिभिजन प्रत्यक्ष प्रसारणमा कमेण्टेटरको रुपमा संलग्न हुँदैछन् । दक्षिण अफ्रिकाका पूर्व क्रिकेटर एचडी एकरमान, इङ्गल्याण्डका पूर्व फाष्ट बलर डारिन गोह पनि टेलिभिजन कमेण्टेटरका रुपमा नेपाल आउँदैछन् ।

**रु ४० करोड आम्दानीको लक्ष्य**

यसपालि एनपिएलबाट क्यानले करिब रु ४० करोड आम्दानी गर्ने लक्ष्य राखेको छ । क्यानले आठ वटा टिमसँग १० वर्षको सम्झौता गरेको छ । यसपटक ती सबै टिमबाट रु नौ करोड प्राप्त हुने क्यानले जनाएको छ । एनपिएलका लागि विभिन्न प्रायोजकसँग रु १५ करोड ४० लाखको सम्झौता गरिएको छ । क्यानले नयाँ प्रयोगमा ल्याएको डिजिटल प्लेटफर्मको ओटिटीबाट रु पाँच करोड ३० लाख प्राप्त गर्नेछ । यसपालि घरेलु प्रसारणबाट रु एक करोड प्राप्त हुनेछ । गतवर्ष घरेलु टेलिभिजनमा क्रिकेट प्रसारण गरिएको थिएन । यसपटक आठ देखि १२ करोड टिकट बिक्रीबाट आए हुने अनुमान गरिएको छ ।

**ट्रफी परिक्रमा**

एनपिएल क्रिकेटको प्रतियोगिता सुरु हुनुअघि प्रतियोगिताको बिजेताले जित्ने ट्रफीलाई नेपालका बिभिन्न शहरमा परिक्रमा गराइएको थियो । तर गतवर्षको तुलनामा यसपालि ट्रफी परिक्रमा त्यति भव्य रुपमा आयोजना गरिएन । मुलुकको पछिल्लो विकसित घटनाक्रमको कारण ट्रफी परिक्रमा कार्यक्रम भव्य रुपमा आयोजना नगरिए पनि परिक्रमामा नेपालको क्रिकेट तथा अन्य खेलका स्थापित खेलाडीहरुको समेत संलग्नता रहेको थियो । यस्तै कार्यक्रममा स्थानीय बासिन्दाहरुको समेत सहभागिता रहेको थियो । विश्वको सर्बोच्च शिखर सगरमाथा नजिक पर्ने कालापत्थरबाट ल्याइएको ढुङ्गा उक्त ट्रफीमा जडान गरिएको छ । ट्रफीको तौल तीन किलो रहेको छ । यसबाहेक यसपटक डिजिटल प्रबर्द्धनमा पनि क्यानले जोड दिएको छ ।

**'म्याच-फिक्सिङ'प्रति सचेतता**

गतवर्ष जस्तै यो वर्षपनि क्यानले नेपाल प्रहरीको सिआइबी, अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आइसिसिसँग सिधै समन्वयमा रहेको एण्टी करप्सन युनिटसँग सहकार्य गरेर 'म्याच फिक्सिङ'प्रति सचेतता अपनाएको छ । प्रतियोगितामा सहभागी रहेका आठवटै टिममा प्रहरी निरीक्षक तहको प्रहरी अधिकृत संलग्न रही खेलाडी तथा खेलसँग सम्बन्धित सबैलाई २४ घण्टा नै निगरानी गरिने व्यवस्था मिलाइएको छ । गतवर्ष जस्तै यसपालि पनि मैदान तथा दर्शकदिर्घाको निरगानीका लागि छुट्टै टिम खटाइएको छ ।

आइसिसिले कुनै पनि क्रिकेट प्रतियोगिताको मूल्याङ्कन नै एण्टी करप्सन युनिटमार्फत गर्ने गरेको छ । क्रिकेट मैदानभन्दा बाहिर हुने गतिविधिको जिम्मेवारी लिन कठिन भए पनि मैदानभित्र गर्नुपर्ने सबै व्यवस्थापनको जिम्मेवारी आयोजकको हुन्छ । क्यानको एण्टी करप्सन युनिटले आठवटै टिममा खटिएका सुरक्षा अधिकृतलगायत सबैको दैनिक प्रतिबेदन आइसिसिमा पठाउने व्यवस्था मिलाएको छ । एनपिएल क्रिकेट प्रतियोगिताको आयोजनाको सफलताको आधारमा नै आइसिसीले नेपालमा आगामी महिलाको विश्वकप छनोट चरण आयोजनाका लागि अनुमति दिने भएको छ । एनपिएल क्रिकेट भव्यरुपमा सम्पन्न गर्नु पर्ने दायित्व क्यानका साथै सम्पूर्ण नेपालकै रहेको छ ।

नेपालमा सन् २०१० मा क्रिकेट प्रतियोगिता हुँदा ढुङ्गामुढा भएपछि नेपाल दुई वर्षसम्म अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट बञ्चित भएको थियो । गतवर्ष एनपिएल क्रिकेटको पहिलो दिनमै ठूलो सङ्ख्यामा दर्शकहरु कीर्तिपुर रङ्गशालामा उपस्थित भएपछि आयोजकहरुलाई व्यवस्थापन गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भएको थियो । यसपालि नेपालमा राजनैतिक परिस्थिति परिवर्तन भएको तथा बेलाबेलामा विभिन्न आन्दोलन तथा प्रदर्शन भैरहेकाले आवश्यक सुरक्षाको प्रबन्ध मिलाउनु जरुरी छ । राति पनि खेल हुने भएपछि सुरक्षातर्फ विशेष सतर्कता अपनाउनु पर्ने देखिएको छ । नेपालको छवि उजिल्याउन भैरहेको महत्वपूर्ण प्रयासमा हातेमालो गर्नु सोमबार सम्पूर्ण नेपालीहरुको कर्तब्य हो । एनपिएल क्रिकेट प्रतियोगिताले विश्वलाई नेपाल अब विगतको सामान्य अवस्थामै फर्किएको सन्देश दिन सफल हुने अपेक्षा गरिएको छ ।

## विश्व समाचार

### पूर्वप्रधानमन्त्री शेख हसिनालाई 'मानवता विरुद्धको अपराध' मा मृत्युदण्ड

ढाका, १ मङ्सिर (रासस/एएनआई) ।

बङ्गलादेशको एक विशेष अदालतले अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनालाई सन् २०२४ को जुलाई-अगस्ट विद्यार्थी विद्रोहका क्रममा 'मानवता विरुद्धका अपराध' गरेको ठहर गर्दै मृत्युदण्डको सजाय सुनाएको छ । अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण-१ (आइसिटी-१) ले सोमबार दिउँसो सुनाएको ऐतिहासिक फैसलामा हसिनासहित तीन जना शीर्ष राजनीतिक तथा सुरक्षा नेतृत्वलाई दोषी ठहर गरिएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । ढाका ट्रिब्युनका अनुसार न्यायाधिकरणले हसिनालाई मानवता विरुद्ध अपराधका पाँचवटै अभियोगमा दोषी ठहर गर्दै उहाँको आदेश, उक्साहट र नियन्त्रण असफलताले देशव्यापी हिंसा चर्किएको निष्कर्ष निकालेको छ । अदालतले हसिना, पूर्व प्रहरी प्रमुख चौधरी अब्दुल्लाह अल-मामुन र पूर्व गृहमन्त्री असदुज्जमान खान कमलले विद्यार्थी आन्दोलन दमनका लागि अत्याचारको योजना बनाएको र सक्षम पारेको ठहर गरेको हो ।

७८ वर्षीया शेख हसिना हाल भारतमा निर्वासनमा रहनुभएको छ । उहाँको अनुपस्थितिमै मुद्दा चलाइएको थियो । असदुज्जमान पनि भारतमै रहेको विश्वास गरिन्छ । उहाँहरू दुवै जनालाई फरार अभियुक्त घोषित गरिएकाले मुद्दा अनुपस्थितिमै अघि बढाइएको थियो । अदालतलाई उद्धृत गर्दै अल जजिराले भन्यो, "अभियुक्त शेख हसिनाले आफ्ना उक्साहटपूर्ण आदेशहरू मार्फत मानवता विरुद्ध अपराध गर्नुभयो र आरोप नं १ अन्तर्गत रोकथाम तथा दण्डात्मक कदम लिन असफल हुनुभयो ।" विशेष न्यायाधिकरणले थप जनाएको छ, "आरोप नं २ अन्तर्गत उहाँले ड्रोन, हेलिकप्टर र घातक हतियार प्रयोग गर्न आदेश दिनुभएको थियो, जसले मानवता विरुद्ध अपराधलाई आकार दियो ।"

बङ्गलादेश टेलिभिजनले मुख्य न्यायाधीश गुलाम मुर्तजाको अध्यक्षतामा रहेको तीन सदस्यीय बेन्चबाट फैसला प्रत्यक्ष प्रसारण गरेको थियो । बेन्चका अन्य दुई सदस्यमा न्यायाधीश मोहम्मद सोफिउल आलम महमुद र न्यायाधीश मोहम्मद मोहितुल हक इनाम चौधरी रहनुभएको थियो । एक मात्र हिरासतमा रहेका अभियुक्त, पूर्व प्रहरी प्रमुख मामुनलाई सोमबार बिहान अदालत ल्याइएको थियो । उहाँ यसअघि नै दोषी ठहर भइसक्नुभएको छ र राज्यका साक्षी बन्नुभएको छ । फैसला अघि अदालत परिसर तथा वरिपरि उच्चस्तरीय सुरक्षा व्यवस्था मिलाइएको थियो । केही पीडितका परिवारहरू त्यसै दिन अदालतमा उपस्थित भएर कडा सजायको माग गरेका थिए ।

दोस्रो दिनदेखि हसिनाको पार्टी अवामी लिगले देशव्यापी 'पूर्ण बन्द' को घोषणा गरेको छ । ढाकासहित केही क्षेत्रमा छिटपुट विस्फोट र गाडी जलाइएका घटनाहरू रिपोर्ट भएका छन् । आइसिटी-१ ले पाँचवटा अभियोगमा अभियुक्तहरूलाई दोषी ठहर गरेको छ । जसमा ढाकामा प्रदर्शनकारीहरूको सामूहिक हत्या, भीडमाथि गोली चलाउन ड्रोन र हेलिकप्टर प्रयोग, विद्यार्थी कार्यकर्ता अबु सैयदको हत्या, आशुलियामा शव जलाएर प्रमाण नष्ट गर्ने र चन्खरपुलमा विद्यार्थीहरूको समन्वित हत्या समावेश छन् । मुद्दाको औपचारिक कागजात आठ हजार ७४७ पृष्ठका रहेका छन्, जसमा सन्दर्भहरू, जफत सामग्री तथा पीडितहरूको विस्तृत विवरण समावेश छ । हसिनाले सन् २०२४ जुलाई १४ मा गणभवनमा पत्रकार सम्मेलनमार्फत गरेको उक्साहटपछि कानून प्रवर्तन निकाय र सत्तारूढ दलका कार्यकर्ताहरूले विद्यार्थीहरूलाई लक्षित गरी व्यवस्थित आक्रमण गरेको अभियोजन पक्षको आरोप छ ।

ढाका ट्रिब्युनका अनुसार अदालतले हसिना, कमल र मामुनले यी आक्रमणहरू उक्साएको, निर्देशन दिएको वा रोक्न असफल भएको, जसका कारण हत्या, हत्या प्रयास र यातनासहितका कृत्यहरू फैलिएको थियो भनी मूल्याङ्कन गरेको छ । सन् २०२४ अगस्ट ५ मा ढाकाको चन्खरपुल क्षेत्रमा प्रहरीले गोली चलाउँदा छ विद्यार्थीको मृत्यु भएको र त्यसको प्रत्यक्ष जिम्मेवारी शीर्ष नेतृत्वमाथि परेको अदालतको निष्कर्ष छ । त्यही दिन आशुलियामा पनि छ जनालाई गोली हानेर पाँच जनाको शव जलाइएको र एक जनालाई जीवितै जलाइएको आरोप कागजातमा उल्लेख छ ।

### ट्रम्पको दबाबबीच ऊर्जा स्रोत विविधीकरणमा भारतको जोड

नयाँदिल्ली, १ मङ्सिर (रासस/एएफपी) ।

भारतले संयुक्त राज्य अमेरिकासँग करिब १० प्रतिशत एलपिजी आपूर्ति सुनिश्चित गर्ने एक 'महत्त्वपूर्ण' बार्षिक सम्झौतामा हस्ताक्षर गरेको छ । यसलाई भारतले ऊर्जा स्रोतहरूको दिगो विविधीकरणतर्फको महत्त्वपूर्ण कदमका रूपमा वर्णन गरेका गरेको छ । यसअघि अगस्ट महिनामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतमाथि कर ५० प्रतिशतसम्म बढाएपछि दुवै देशबीचको सम्बन्ध तनावपूर्ण बनेको थियो । अमेरिकी अधिकारीहरूले भारतले युक्रेनमा रूसी युद्धलाई परोक्ष रूपमा सहयोग पुऱ्याइरहेको आरोप लगाएपछि परिस्थिति झनै संवेदनशील बनेको थियो । राष्ट्रपति ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सम्भावित व्यापार सम्झौताको पूर्वसर्तका रूपमा रूसी कच्चा तेल आयातमा कटौती गर्न सहमति जनाउनुभएको दाबी गरे पनि भारतले उहाँको दाबीलाई औपचारिक रूपमा पुष्टि गरेको छैन । कृषि व्यापारदेखि रूसी तेल खरिदसम्मका विषयमा मतभेद भइरहे पनि नयाँदिल्ली र वासिङ्टनबीच वार्ता अविराम जारी छ ।

यसैबीच, भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले अमेरिकी खाडी तटबाट वार्षिक २२ लाख टन एलपिजी आपूर्ति गर्ने एक वर्षे संरचित सम्झौता सम्पन्न भएको जानकारी दिनुभयएको छ । उहाँका अनुसार यस्तो प्रकारको सम्झौता भारत-अमेरिका बीच एलपिजी क्षेत्रमै पहिलो हो । मन्त्री पुरीले विज्ञप्तिमार्फत भन्नुभयो, "नागरिकहरूलाई सुरक्षित र किफायती एलपिजी उपलब्ध गराउन भारत निरन्तर रूपमा स्रोत विविधीकरण गरिरहेको छ । विश्वकै सबैभन्दा ठूलो र तीव्र गतिमा बढिरहेको एलपिजी बजार–अमेरिका–अब भारतीय बजारका लागि औपचारिक रूपमा खुल्न गएको छ ।"

# सामाजिक सञ्जालको दुरुपयोगले सुरक्षा चुनौती : महानिरीक्षक कार्की

काठमाडौँ, १ मङ्सिर (रासस)।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले सामाजिक सञ्जालको दुरुपयोग भइरहँदा सामाजिक सुरक्षा चुनौती थप भएको बताउनुभएको छ।

अपराध अनुसन्धान विभागको ७०औँ स्थापना दिवसका अवसरमा सोमबार प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रममा उहाँले सामाजिक सञ्जालको दुरुपयोग भएसँगै लागूऔषध दुर्व्यसन तथा कारोबार, क्रिप्टोकरेन्सी, अनलाइन गेमिङ, स्क्यामिङ, आत्महत्या, मानव बेचबिखन तथा ओसारपसार, आर्थिक अपराध र अन्तरदेशीय प्रकृतिका जटिल तथा सङ्गठित अपराधसम्बन्धी अनुसन्धानका लागि क्षमता विकास तालिम आवश्यक रहेको बताउनुभयो।

उहाँले फैसला कार्यान्वयन, फरार प्रतिवादीको खोजतलास एवम् पक्राउ परेकालाई प्राथमिकतामा राखी तत्काल नतिजा आउने गरी काम गर्न र विगतका आपराधिक गतिविधि तथा लामो समयसम्म पेन्डिङमा रहेका घटनाहरूलाई समेत प्राथमिकतामा राखी प्रभावकारी अनुसन्धान गर्न निर्देशन दिनुभयो।

नवनियुक्त प्रहरी महानिरीक्षक कार्कीले निष्पक्ष, प्रमाणमुखी एवम् वैज्ञानिक अनुसन्धानले कानुन विपरीत कार्य गर्नेलाई कानुनी दायरामा ल्याउन सहयोग पुर्‍याउने धारणा व्यक्त गर्दै पीडित पक्षलाई न्याय दिलाई समाजमा प्रहरीप्रतिको प्रतिष्ठा एवम् विश्वास अभिवृद्धि गर्न प्रहरी संयन्त्र अझ जिम्मेवार र क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा अपराध अनुसन्धान विभागका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौरले अपराध नियन्त्रण र अनुसन्धानको वर्तमान अवस्था, चुनौती र समाधानका उपायलगायतका विषयमा धारणा व्यक्त गर्नुभएको थियो।

# 'समय नपुगी जन्मिएका शिशुको एक महिनाभित्र अनिवार्य परीक्षण गराउनुपर्ने'

काठमाडौँ, १ मङ्सिर (रासस)।

सोमबार नोभेम्बर १७ प्रत्येक वर्ष यस दिन समय अगावै जन्मिएका नवजात शिशु दिवस (वर्ल्ड प्रिम्याचुरिटी डे) मनाउने गरिन्छ।

चिकित्सकका अनुसार समय अगावै जन्मिएका नवजात शिशुको आँखामा समस्या हुन सक्छ र त्यसको पहिचान समयमै हुन अत्यन्तै जरुरी छ। यस दिवसले समयपूर्व जन्मिएका शिशुहरू र तिनका परिवारले सामना गर्ने चुनौतीबारे सचेतना बढाउने लक्ष्य राख्दछ।

आँखा रोग विशेषज्ञ (मेडिकल रेटिना कन्सलटेन्ट) डा एली प्रधान रञ्जितकारले समयपूर्व जन्मिएका शिशुका लागि २८ दिनभित्र आँखाको परीक्षण अनिवार्य रहेको बताउँदै समयमा गरिने उपचारले दृष्टिविहीन हुनबाट जोगिन सक्ने धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "त्यस्ता शिशुको हकमा 'रेटिनोप्याथी अफ प्रिम्यच्युरिटी'(आरओपी) जस्ता गम्भीर आँखा रोगको जोखिम उच्च हुन्छ। भर्खरै जन्मिएको नवजात शिशुको आँखा परीक्षण अनिवार्य गर्नुपर्छ। गर्नुभएको छैन भने परीक्षण गराउनुपर्छ नभए जोखिम बढ्दै जान्छ।"

बाल आँखा रोग विशेषज्ञ डा सिर्जना अधिकारीका अनुसार नौ महिना पुग्नुअघि नै कुनै शिशु जन्मेको छ त्यो बच्चाको आँखाको पर्दामा केही समस्या देखिन सक्छ। उहाँले भन्नुभयो, "जसमा आँखाको पर्दामा रगत जम्ने र समयमा उपचार पाएन भने आँखाको पर्दा र रगतको नशा च्यातिएर बच्चा अन्धो पनि हुन सक्छ। त्यसैले त्यस्ता शिशुलाई एक महिनाभित्र आँखा विशेषज्ञलाई भेटेर परीक्षण गराइहाल्नुपर्छ।"

डा प्रधानका अनुसार विश्वभर प्रत्येक १० मध्ये एक शिशु समय अगावै जन्मिन्छिन् र नेपालमा यीमध्ये ३० प्रतिशत शिशुमा आरओपी भएको पाइन्छ। उहाँले ३४ हप्ता अगावै जन्मिएका, दुई किलोभन्दा कम तौल भएका, नवजात शिशु सघन उपचार कक्ष (एनआइसियु) मा धेरै दिन भर्ना गरेर राखेमा आँखाको समस्या हुन सक्ने बताउनुभयो।

# सर्वोच्च अदालत पूर्ण रूपमा सञ्चालन

काठमाडौँ, १ मङ्सिर (रासस)।

सर्वोच्च अदालत सोमबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको छ। गत भदौ २४ गतेको जेनजी आन्दोलनपछि आगजनी भएर आशिंक रूपमा मात्रै सञ्चालन हुँदै आएको अदालत सोमबारदेखि पूर्ण रूपमा सञ्चालन भएको हो।

सर्वोच्च अदालतको गत कात्तिक २१ गतेको पूर्ण बैठक (फुल कोर्ट) ले आगजनी, ढुङ्गामुढा, तोडमोड र लुटपाटका घटनाबाट सुरक्षित मुद्दाहरू तथा अवरुद्ध भएका सबै सेवाको मङ्सिर १ गतेदेखि नियमित रूपमा सञ्चालन गर्ने निर्णय गरेको थियो।

"मुद्दाका मिसिलहरू नष्ट हुनबाट बचेकाले पेसी तारेखको मिति आउन बाँकी रहेका ती मुद्दाको मङ्सिर १ गतेदेखि पूर्ववत् रूपमा तोकिएको पेसी तारेखको दिन नियमित सुनुवाइ हुनेछ", पूर्ण बैठकले भनेको थियो, "अन्य पेसी नचढेका मुद्दाहरूको कानुनबमोजिम अङ्ग पुर्‍याई सुनुवाइ गरिने बेहोरा सम्बन्धित मुद्दाका पक्ष र अन्य सरोकार भएकाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।"

अवरुद्ध भएका सेवा सुरु हुनुका साथै मुद्दा, पुनरावेदनपत्र, दोहोर्‍याई पाउको निवदेन तथा पुनरावलोकन निवेदनका सबै मुद्दा तथा निवेदनहरू, दर्ता एवं सुनुवाइ सोमबारदेखि सुरु भएको सर्वोच्च अदालतले जनाएको छ। जेनजी आन्दोलनका कारण अदालतको भौतिक संरचना पूर्ण रूपमा नष्ट भएको थियो भने मुद्दाका मिसिलहरूसमेत जलेका थिए। अदालतको सूचना प्रविधि शाखाले सूचना प्रणालीको 'रिकभर' (पुनःप्राप्त) गरेको छ।

## राष्ट्र बैंकले...

२०८१/८२ को प्रतिवेदनअनुसार, २०८२ असार मसान्तको वित्तीय स्थितिमा २९ दशमलव २३ प्रतिशतले वृद्धि भएको छ।

केन्द्रीय बैङ्कका अनुसार, विभिन्न कोषमा आवश्यक रकम विनियोजन गरी बाँकी रु ४२ अर्ब नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको छ।

वार्षिक प्रतिवेदनअनुसार आव २०८१/८२ को विदेशी विनिमय तथा अन्य सम्पत्ति पुनः मूल्याङ्कन लाभ हानी समायोजनअघिको खुद् आय अघिल्लो वर्षको तुलनामा नौ दशमलव ११ प्रतिशतले वृद्धि भई रु ८० अर्ब ४८ करोड २६ लाख ५० हजार कायम भएको छ।

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९१ मा बैङ्कले वासलात, आय, व्यय र सोसँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने र आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र नेपाल सरकार समक्ष पेस गर्नुपर्ने व्यवस्था छ।

# एक वर्षमा ४२ हजार ८५६ विद्युतीय सिफारिस जारी

काठमाडौँ, १ मङ्सिर (रासस)।

एक वर्षको अवधिमा काठमाडौँ महानगरपालिकाले ४२ हजार ८५६ वटा विद्युतीय सिफारिस जारी गरेको छ। विसं २०८१ माघ १३ गतेदेखि कामपाले प्रयोगमा ल्याएको उक्त प्रणालीमार्फत ४२ हजार ८५६ वटा विद्युतीय सिफारिस जारी भएको हो।

सूचना प्रविधि विभागका प्रमुख अनिरुद्र नेपालले कामपाले प्रयोगमा ल्याएको उक्त प्रणालीमा गत वर्ष २३ हजार ८६३ र यस वर्ष १८ हजार ९९३ सिफारिस अनलाइनबाट स्वीकृत भएका जानकारी दिनुभयो। "चालु आर्थिक वर्षमा मात्र अनलाइनबाट सिफारिस माग गर्नेको सङ्ख्या २० हजार ३९८ सेवाग्राही हुनुहुन्छ। यो प्रणालीमा १९५ प्रकारका सेवासँग सम्बन्धित ढाँचा राखिएका छन्", उहाँले भन्नुभयो।

विद्युतीय सेवाका लागि सञ्चालन गरिएको 'सिफारिस तथा प्रमाणित प्रक्रिया व्यवस्थापन प्रणाली'लाई थप परिष्कृत गर्दै लैजाने उद्देश्यले कामपाले उक्त प्रणाली कार्यान्वयनमा ल्याएको हो।

विद्युतीय हस्ताक्षर प्रणालीलाई कार्यान्वयन गराउने विषय उल्लेख गर्दै उहाँले भन्नुभयो, "अनलाइन प्रणालीको पूर्ण कार्यान्वयनले नागरिकको धेरै समस्या सुल्झिन्छन्। सेवा लिन नागरिकले कार्यालय पुग्नु नपरोस्। पुग्नै परे पनि कुर्नु नपरोस्। यसका लागि हामी संवेदनशील बन्नुपर्छ।"

चालु आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रममध्ये सार्वजनिक सूचनामार्फत प्रक्रिया अगाडि बढाउनुपर्ने कामलाई तत्काल अगाडि बढाउन, अन्तिम लेखा परीक्षणका लागि जिम्मेवारी छुट्याउन, आवश्यक पर्ने कागजात तयार पार्न आग्रह गरिएको छ।

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०७/२६

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १३ फनिलालको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे बेल्हीको सा.कि.नं. ४४९ को ज.वि. १-३-१ मध्ये ०-५-१२ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स तिलाठी वडा नं.८ हाल तिलाठी कोइलाडी गा.पा. वडा नं. १ बस्ने उदित नारायण दासको बुहारि अंजनि कुमार दासको पत्नी श्रीमती श्यामा देवी कायस्थको यस कार्यालयमा द.नं. २१६९५ मिति २०८१/१२/०६ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४९ | फनिलाल | तिलाठी | ९ख | ९/२२५ | ०-१३-७ मध्ये दक्षिण तर्फबाट ०-६-१ | श्रीमती श्यामा देवी कायस्थ | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा तिलाठी वाड नं. ३ बस्ने फनिलाल दासको नम्बरी हो रहेको। |

किशोर कुमार राम
कार्यालय प्रमुख

कार्यालय प्रमुख




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*